# दुर्गा भगवती गाउँपालिका

# दुर्गा भगवती गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

दुर्गा भगवती गाउँपालिका
गाउँ कार्यपालिका
गंगापिपरा
रौतहट, मधेश प्रदेश

# दुर्गा भगवती गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०३/३१**

**प्रस्तावनाः** दुर्गा भगवती गाउँपालिकाको प्रशासनिक तथा भौगोलिक क्षेत्रभित्र विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको सुनिश्चित गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) बमोजिम कार्य गर्न वाञ्छिनीय भएकोले,

दुर्गा भगवती गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०८१ को दफा ४(१) बमोजिम दुर्गा भगवती गाउँ कार्यपालिकाले पारित गरी यो कार्यविधि लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दुर्गा भगवती गाउँपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले दुर्गा भगवती गाउँपालिका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले दुर्गा भगवती गाउँपालिका सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले दुर्गा भगवती गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दुर्गा भगवती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "निर्माण व्यवसायी" भन्नाले दुर्गा भगवती गाउँपालिका क्षेत्रभित्र निजी तथा सार्वजनिक क्षेत्रमा निर्माण कार्य गर्ने निर्माण व्यवसाय गर्ने व्यक्ति वा कम्पनी वा फर्म वा सहकारी वा संस्थालाई सम्झनुपर्छ ।

(छ) "इजाजतपत्र" भन्नाले दुर्गा भगवती गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी अनुसूचि-२ मा उल्लेखित दस्तुर लिइ "घ" वर्गको निर्माण व्यवसाय गर्न अनुसूचि-३ बमोजिम दिने इजाजतपत्र सम्झनुपर्छ ।

(ज) "दस्तुर" भन्नाले अनुसूचि-२ बमोजिमको इजाजतपत्र दस्तुर, इजाजतपत्र नविकरण दस्तुर, इजाजतपत्र नविकरण थप दस्तुर र इजाजतपत्र प्रतिलिपि दस्तुर समेतलाई सम्झनुपर्छ ।

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

४. **नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस दुर्गा भगवती गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले **अनुसूची-५** वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

५. **इजाजतपत्रको अवधि र नवीकरण** : (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित यस दुर्गा भगवती गाउँपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

६. **इजाजतपत्रको खारेजी :** (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिको त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

७. **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

८. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **बचाउः** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

**अनुसूचि १**

कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

श्री दुर्गा भगवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
रौतहट ।

**विषय : इजाजतपत्र पाऊँ भन्ने बारे ।**

यस दुर्गा भगवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यविधिको दफा ... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. **दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :**

नम : पोष्ट बक्स नं. : फ्याक्स नं. :
ठेगाना : टेलिफोन नं. : मोबाइल नं. :
इमेल :

२. **फर्म वा कम्पनीको प्रकृति**

(क) पब्लिक लिमिटेड कम्पनी ☐ (ख) प्राइभेट लिमिटेड कम्पनी ☐

(ग) एकलौटी फर्म ☐ (घ) साझेदारी फर्म ☐

३. **सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :**

नाम थर : टेलिफोन नं. : फ्याक्स नं. :
ठेगाना : मोबाइल नं. : इमेल :

४. **फर्म वा कम्पनीको विवरण :**

दर्ता नं. : दर्ता मिति : अधिकृत पूँजी : जारी पूँजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. **इजाजतपत्र लिन चाहेको वर्ग :** "घ" वर्ग

६. **समूहीकरण हुन चाहेको समूह :**

७. **आर्थिक श्रोतको विवरण :**

| **रकम रहेको खाता** | **रकम** | **वित्तिय संस्थाको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

(उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।)

८. **कामदारको विवरण :**

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

( प्राविधिक कर्मचारीको प्रमाणपत्रको प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ । )

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :**

| क्र.सं. | नम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरीद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरबाट प्रमाणित भएको हुनु पर्नेछ ।)

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :**

| क्र.सं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा ) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**११. कर चुक्ता गरेको प्रमाण कागजात :**

(क) .....

(ख) ......

(ग) ......

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

दरखास्तवालाको :

दस्तखत :

मिति :

(**द्रष्टव्य :** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्ने सम्बन्धीत कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ )

## अनुसूचि २

कार्यविधिको दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. २,०००। | रु. १,०००। | रु. २,०००। | रु.५००। |

**द्रष्टव्य :** घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०८१ को दफा ३ को उपदफा (२) बमोजिमको म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

## अनुसूचि ३

(कार्यविधिको दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित )

### इजाजतपत्रको ढाँचा

### इजाजतपत्र

इजाजतपत्र नं. ...............................                                                    मिति :

दुर्गा भगवती गाउँपालिका कार्यपालिकाको कार्यालय, रौतहट

दुर्गा भगवती गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०८१ को दफा ४ को उपदफा (४) बमोजिमको निर्माण व्यवसाय गर्न .....................................................स्थीत कार्यालय भएको ...............................................................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ।

| | |
|---|---|
| घ वर्ग<br><br>(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने) | इजाजतपत्र दिनेको :<br>दस्तखत :<br>नाम :<br>पद :<br>मिति :<br>कार्यालय : |

नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूचि ४**

कार्यविधिको दफा ५ को उपदफा (२) सँग सम्बन्धित

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक) को ढाँचा

निर्माण व्यवसायीबाट भएका सर्वजनिक निर्माण कार्यको अभिलेख विवरण

पासबुक

| **क्र.सं.** | **आयोजनाको नाम** | **सार्वजनिक निकायको विवरण** | **संयुक्त उपक्रमको नाम (यदि भएमा)** | **शेयर (%)** | **ठेक्का विवरण** | **सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण** | **समयावधि थप विवरण (यदि भएमा)** | **Variation को विवरण (यदि भएमा)** | **प्रगति विवरण** | **ठेक्का सम्पन्न विवरण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेक्का रकम : ……… | नाम : | थप समय : नाम : | (क) Variation पछिको Contract Amount रु…………… Variation को निर्णय गर्ने पदाधिकारीको नाम : | (क) सम्पन्न रकम : रुं… सम्पन्न मिति : सम्पन्न % ….. नामः… | (क) अन्तिम ठेक्का रकम : रु…… सम्पन्न मिति : नाम.. | |
| | | | | | सम्झौता मिति :….. | पद : | पद : | पदः | पद … | पदः … | |
| | | | | | ठेक्का अवधि.. ……… | हस्ताक्षर : ………… | हस्ताक्षरः…… …. | हस्ताक्षरः ……… | हस्ताक्षर | हस्ताक्षर …….. | |
| | | | | | | छाप : …….. | निर्णय मिति : …….. …. | छाप : ………. | छाप ….. | छाप …… | |
| | | | | | | | छाप | | | | |
| | | | | | | | | | | | |

## अनुसुची-५

कार्यविधिको दफा ४ को उपदफा (२) सँग सम्बन्धित

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको वा स्थानीय उद्योग दर्ता सम्बन्धी कानुन बमोजिम स्थानीय तहमा दर्ता भएको भएमा सो उद्योग दर्ता प्रमाणपत्र उहनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

***द्रष्टव्य :***

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**<u>प्रमाणिकरण गर्नेको :</u>**
**सही :**
**नाम : शम्भु कुमार सिंह**
**पद : गा.पा.अध्यक्ष**
**प्रमाणीकरण मिति : २०८१।०३।३१**